४३ औं बैठक

बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८०।१०।१४ गते बसेको बर्दिबास नगरकार्यपालिकाको बैठकको उपस्थिती ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | तारा देवी | उपप्रमुख | |
| ३ | भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | काहार मान स्याङ्वा | वडा अध्यक्ष-५ | |
| ८ | पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | समशेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| १८ | लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| १९ | एश्वर्य वम्जन तामाङ्ग | कार्यपालिका सदस्य | |
| २० | तिर्थ बहादुर अछामे | कार्यपालिका सदस्य | |
| २१ | विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| २२ | रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| २३ | अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २४ | प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २५ | किरणनिधि तिवारी | सदस्य सचिव | |
| २६ | रेवती प्रसाद पराजुली | उपसचिव | |
| २७ | मुरारी प्रसाद तिमल्सिना | अधिकृत छैठौ | |
| २८ | दिपक राज पोडेल | अधिकृत छैठौ | |
| २९ | सोम प्रसाद फुयाँल | सूचना प्रविधि अधिकृत | |
| ३० | नारायण बहादुर सेन | Lab टे. असि. | |

प्रस्तावहरू

१) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२) राष्ट्रिय योजना आयोगको समपुरक र विशेष अनुदान सम्बन्धमा।
३) प्रशासनिक भवन निर्माण म्याद सम्बन्धमा।
४) प्रस्तावित बर्दिबास मेडिकल कलेज वन अधिग्रहण बापत जग्गा सम्बन्धमा।
५) फोहोरमैला प्रशोधन भवन सम्बन्धमा।
६) एम्बुलेन्स दुर्घटना क्षतिपुर्ती सम्बन्धमा।
७) खेलकुदको भुक्तानी सम्बन्धमा।
८) जग्गा वर्गिकरण नक्सा संसोधन सम्बन्धमा।
९) प्राविधिक तथा लागत अनुमान परिमार्जन सम्बन्धमा।
१०) घ वर्ग लाइसेन्स सम्बन्धमा।
११) वन प्राविधिक नियुक्ति निर्णय अनुमोदन सम्बन्धमा।
१२) जग्गा अधिग्रहण सम्बन्धमा।
१३) कर्मचारीको म्याद थप सम्बन्धमा।
१४) तथ्यांक अनुमोदन सम्बन्धमा।
१५) जग्गा व्यवस्थापन सम्बन्धमा।
१६) राहत सम्बन्धमा।
१७) भुक्तानी सम्बन्धमा।
१८) योजना स्वीकृति सम्बन्धमा।

निर्णयहरू

१) प्रस्ताव नं.१ माथि छलफल गर्दा अघिल्लो बैठक(४३औ)को समिक्षा गरियो।
२) प्रस्ताव नं.२ माथि छलफल गर्दा देहायका समपुरक र विशेष अनुदान अन्तरगतका योजनाहरू माग गर्न राष्ट्रिय योजना आयोगको प्रणालिमा प्रविष्ट गर्ने निर्णय गरियो।

समपुरक तर्फ

प्राथमिक्ता क्रमश..

१) बनपा ८ औरही रोडबाट भब्सि,विजय बस्ति र गिरिटोल हुदै डाँडाटोल जाने बाटो कालो पत्रे(अनुमानित रकम ५ करोड)
२) बनपा ३ कालापानि मर्का हुदै पर्साइधाप जाने बाटो ढलान(अनुमानित रकम ५ करोड)
३) बनपा ४ मनोज मल्लको घरबाट ट्रान्सफर्मर सम्म जाने बाटो(अनुमानित रकम ५ करोड)
४) बर्दिबास अस्पताल परिसरमा कर्मचारी आवास निर्माण(अनुमानित रकम ५ करोड)
५) बनपा ११ मा खानेपानिको पुर्वाधार निर्माण(अनुमानित रकम १ करोड)
६) बनपा ९ रातु खोलामा तटबन्धन(अनुमानित रकम १ करोड)
७) भब्सि पुल दक्षिण तटबन्धन(अनुमानित रकम १ करोड)
८) बनपा ६ भिष्म खड्काको घर, रा.प्रा.वि. कृष्णपुर हुदै बनपा २ को बुद्धचोक जोड्ने सडक कालोपत्रे(अनुमानित रकम ५ करोड)
९) बनपा ९,राम्रो चोक देखि प्रकारको घर सम्म जाने बाटो कालोपत्रे(अनुमानित रकम ५ करोड)
१०)बनपा ८ भब्सि नदि तटबन्धन(अनुमानित रकम १ करोड)
११)बनपा ८ जंगाहा खोला तटबन्धन(अनुमानित रकम १ करोड)
१२)चेरू जाने जोरबाटोबाट उत्तर सनिपेटि गाउ जाने बाटो कालपत्रे(अनुमानित रकम ५ करोड)

३) प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०८०।०९।०४ गतेको कार्यपालिकाको बैठकको निर्णय नं.४ अनुसार ठेक्का जमानत जफत सम्बन्धमा भएको निर्णय कार्यान्वयनको चरणमा सम्वन्धित ठेकेदारले काम सुचारू गर्न अनुरोध सहितको निवेदन कार्यालयमा पेश भएकाले निर्माण कार्यलाइ द्रुत गतिमा अघि बढाउन स्रोत परिचालन समेतलाइ मध्यनजर गरि उक्त जमानत जफत गर्ने निर्णय स्थगन गरि म्याद समाप्त भएको मितिले ६ महिनाका लागि म्याद थप गर्ने निर्णय गरियो।

४) प्रस्ताव नं.४ माथि छलफल गर्दा बर्दिबास मेडिकल कलेज पुर्वाधार निर्माण विकास आयोजना,बर्दिबास महोत्तरीको च.नं.६४, मिति २०८०।१०।१२ गते प्रस्तावित बर्दिबास मेडिकल कलेज वन अधिग्रहण बापत निजि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा पत्र प्राप्त भएकोमा निजि जग्गादाताहरुलाइ वन तथा भु-संरक्षण विभागको नाममा जग्गा रजिष्ट्रेसन पास गर्न ७ दिने सार्वजनिक सुचना प्रकाशन गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो।

५) प्रस्ताव नं.५ माथि छलफल गर्दा बनपा ६ मा निर्माधिन फोहोरमैला प्रशोधन भवन ठेक्काको जमानत म्याद गुज्रिएकाले नयाँ ठेक्का जमानत पेश गर्ने व्यवस्था गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो।

६) प्रस्ताव नं.६ माथि छलफल गर्दा एम्बुलेन्स दुर्घटनामा परेका पिडितलाइ विल बमोजिम २६ हजार र ट्रक धनिलाइ ४३ हजार रकम विपद व्यवस्थापन कोषबाट क्षतिपुर्ती प्रदान गर्ने निर्णय गरियो।

७) प्रस्ताव नं.७ माथि छलफल गर्दा खेलकुद समितिबाट गत आवमा संचालित खेलको भुक्तानी हुन बाकि रकम चालु आवको खेलकुद शिर्षकबाट भुक्तानी गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो।

८) प्रस्ताव नं.८ माथि छलफल गर्दा भुउपयोग जग्गा वर्गिकरण नक्सामा त्रुटि भेटिएकाले स्वीकृत स्थानिय भुउपयोग जग्गा वर्गिकरण मापदण्ड अनुसार हुने गरि भुउपयोग जग्गा वर्गिकरण नक्सा संसोधनका लागि प्रदेश भुउपयोग परिषद र सम्वन्धित निकायलाइ सिफारिस गरि पठाउने आवश्यक कार्य गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो।

९) प्रस्ताव नं.९ माथि छलफल गर्दा बनपा वडा नं.५ को वडा कार्यालयको प्राप्त पत्र र प्राविधिकको रायअनुसार सोहि वडा अनतगतको सेम नेपाल मा.वि. मा ४ कोठे भवन निर्माण गर्ने चालु आवको स्वीकृत योजना साविकको स्वीकृत प्राविधिक तथा लागत अनुमान अनुसार कार्य नभएको हुदा निर्माणाधिन भवनको हालको संरचना विश्लेशण गरि प्राविधिक तथा लागत अनुमान परिमार्जन पश्चात योजना संचालनलाइ निरन्तरता दिने निर्णय गरियो।

१०) प्रस्ताव नं.१० माथि छलफल गर्दा ओम वज्रशक्ती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले कार्यालयमा घ वर्ग लाइसेन्सका लागि पेश गरेको कागजातहरु विधि सम्मत रहोकाले आवश्यक स्वीकृति दिने निर्णय गरियो।

११) प्रस्ताव नं.११ माथि छलफल गर्दा समृद्दिका लागि वन परियोजना अन्तरगतको रिक्त पद वन प्राविधिक कार्यालयले परामर्श सेवाबाट नियुक्तिका लागि गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

१२) प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस पालिकाको प्रस्तावित रामजानकि फनपार्क जग्गा अधिग्रहण सम्बन्धमा यस नगरपालिकाले पेश गरे अनुसार मिति २०८०।०८।१५ गतेको मन्त्रिपरिषदको निर्णय भएको र डि.पि.आर. समेत तयार भएको हुनाले मुआब्जा निर्धारण, जग्गा रोक्का लगायतको जग्गा अधिग्रहणको प्रकृया अघि बढाउन जिल्ला प्रशासन कार्यालयलाइ पत्राचार गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो।

१३) प्रस्ताव नं.१३ माथि छलफल गर्दा बर्दिवास नगरकार्यपालिका र मातहतका कार्यालयहरूमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूको चालु आवको असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

१४) प्रस्ताव नं.१४ माथि छलफल गर्दा समग्र जनउत्यान केन्द्र,लाहान सिराहाको प्राविधिक सहयोगमा यस पालिका अन्तरगतका विभिन्न वडाबाट संकलित वि.सं.२०५२ देखि वि.सं.२०६२ सम्मका जनयुद्द र मधेश आन्दोलनबाट पिडित ८७ जना संख्यामा द्वन्द्व पिडितहरूको तथ्यांक छलफल तथा विश्लेषण गरि अनुमोदन गरियो।

१५) प्रस्ताव नं.१५ माथि छलफल गर्दा वडा नं.१,२,३ र १४ का वडा अध्यक्ष ज्युहरूलाइ उपयुक्त जग्गाको छनोट गर्न जिम्मेवारी दिने निर्णय गरियो।

१६) प्रस्ताव नं.१६ माथि छलफल गर्दा बनपा वडा नं.१ मा कार्यरत सामाजिक परिचालक श्री सरस्वती काफ्लेको पतिको सवारी दुर्घटनाबाट असामयिक निधन भएकाले रू.७५ हजार राहत स्वरूप उपलब्ध गराउने निर्णय भयो।

१७) प्रस्ताव नं.१७ माथि छलफल गर्दा मिति २०८०।०४।२३ मा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा स्थानिय विपद व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार कार्य गर्न सम्बन्धित निकायमा अनुरोध गरेकोमा रकम उपलब्ध नभएकाले उक्त कामहरूको मुल्यांकन गरि विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

१८) प्रस्ताव नं.१८ माथि छलफल गर्दा वडा नं.४,९ र १४ बाट प्राप्त तपशिलका प्रधानमन्त्री रोजगार कार्यक्रम अनतरगतको योजनाहरू स्वीकृत गर्ने निर्णय गरियो।

१३)बनपा ५ ढुङ्ग्रे गाउ पोखरी देखी नमुना टोल जाने बाटो कालोपत्रे (अनुमानित रकम ५ करोड)
१४)बनपा ३ गोरिडाडा बाटो स्तरोन्नति/ढलान तथा कालो पत्रे(अनुमानित रकम ५ करोड)

विशेष तर्फ

प्राथमिक्ता क्रमश..

१.) बनपा २ मा अस्पताल भवन ।-अनुमानित -५ करोड
२.) बनपा २ मा सुकुम्बासीहरुकोलागी एकिकृत बस्ति विकास।
– अनुमानित ५ करोड
३.)
४.)
५.)

१८)

| आ.व. २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडाबाट सिफारिस भई आएका तपसिलका योजना हरु स्वीकृत गर्ने निर्णय गरियो । | | | |
|---|---|---|---|
| | वडा न.-४ को योजनाहरु | | |
| १. | भक्तिपूर पूर्व पश्चिम दुवै कुलो सरसफाई योजना | | |
| २. | लक्ष्मी गाउको कुलो सरसफाई | | |
| ३. | विश्वकर्मा चोक देखि बरडाडा सम्मको बाटोमा खाल्टो खुल्टो पुरने योजना | | |
| ४. | अटव्य खा.पा.को पाइपलाइन खनने पुर्न योजना | | |
| ५. | वरडाडा खानेपानीको पाइपलाइन खनने पुर्न योजना | | |
| | वडा न.-९ को योजनाहरु | | |
| १. | विभिन्न कृषि सडकहरु मर्मत सम्भार तथा संरसफाई | | |
| २. | वर्दिवास न.पा. न.-९ का विधालयहरु सरसफाई | | |
| ३. | बर्दिवास न.पा. न.-९ का कुलो पैनी निर्माण | | |
| ४. | वर्दिवास न.पा. न.-९ का सम्पूर्ण सडक बाटोहरु सरसफाई | | |
| ५. | वर्दिवास न.पा. न.-९ का विबजारहरु सरसफाई | | |
| | वडा न.-१४ को योजनाहरु | | |
| १. | बजार क्षेत्र भित्र रहेको सार्वजनिक पोखरीको सरसफाई तथा मर्मत सम्भार | | |
| २. | कृषि बजार एरिया तथा सो देखि नाथम क्लेज जाने बाटोको सरसफाई | | |
| ३. | शिव मन्दिर देखि पश्चिम मस्जी जाने बाटो सरसफाई | | |
| ४. | सार्वजनिक पोखरी वरिपरी वृक्षारोपण | | |
| ५. | नमूना मुसहर बस्ती सरसफाई | | |
| ६. | हाट बजारको सरसफाई | | |
| ७. | वडा भित्र कालोपत्रे सड़क छेउछाउमा वृक्षारोपण | | |
| ८. | वडा भित्रको नाला सरसफाई | | |

CamScanner